# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

विषय: ग्लो साइन बोर्ड ठेक्कामा दिने सम्बन्धि
विद्युतीय बोलपत्र आव्हानको सूचना ।

तेश्रो पटक प्रकाशित मिति : २०८०।८।१४

ठेक्का न. : 25/DSMC/2080/081

यस धनगढी उपमहानगरपालिका क्षेत्रको ६ लेन सडकमा उत्तरमा गोदावरी नगरपालिकाको सिमाना देखि दक्षिणमा मोहना (भन्सार कार्यालय) सम्म रहेका २६६ वटा Smart Street Light पोलहरूमा ग्लो साइन बोर्डबाट बिज्ञापन गर्नका लागी आ.व. २०८०।०८१ मों सम्झौता भएको अवधि देखी पांच (५) वर्षका लागी लागि यस उपमहानगरपालिकावाट तोकिएको दररेटमा बढाबढ भई सम्झौता भए बमोजिम ग्लो साइन बोर्ड लगाउन चाहने ईच्छुक फर्म, कम्पनी वा संघ संस्थाहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रही यो विद्युतीय बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलका शर्तहरु</u>

१।ग्लो साइन बोर्डको न्यूनतम बढाबढ शुल्क प्रति बर्ग फुट प्रति महिना मु.अ.क. बाहेक रू. १२०। (एक सय बीस मात्र) हुनेछ ।

२।ग्लो साइन बोर्डतयार गरी जडान गर्ने जिम्मेवारी सम्बन्धित बिज्ञापन गर्ने फर्म, कम्पनी वा संघसंस्थाको हुनेछ ।

३।ग्लो साइन बोर्ड यस धनगढी उपमहानगरपालिकाले तोकेको स्थानमा लगाउनु पर्नेछ ।

४।ग्लो साइन बोर्डको साइज २.५ फिट चौडाई र उचाई ३ फिट भएको हुनुपर्नेछ ।

५।ग्लो साइन बोर्ड पोलको बीच भागमा लगाउनु पर्नेछ ।

६।ग्लो साइन बोर्डमा बिजुलीको व्यवस्था स्वयम बिज्ञापन गर्ने फर्म, कम्पनी वा संघ संस्थाले गर्नु पर्नेछ ।

७।उक्त बोर्डमा खपत हुने बिद्युत महसुल बिज्ञापन गर्ने फर्म, कम्पनी वा संघसंस्थाले व्योहोर्नु पर्नेछ ।

८।ग्लो साइन बोर्डमा समस्या आए पश्चात मर्मत गर्ने जिम्मेवारी सम्बन्धित बिज्ञापन गर्ने फर्म, कम्पनी वा संघ संस्थाको हुनेछ ।

९।उक्त विज्ञापनको सम्झौता अवधि सम्झौता भएको मिति देखि ५ (पांच) वर्षका लागी हुनेछ ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

१०।उक्त बोर्डमा कानुनले निषेध गरिएका सामाग्रीहरू जस्तै मदिरा तथा सुर्तीजन्य सम्बन्धी मालवस्तुहरूको बि1ापन गर्न पाइने छैन ।

११।बिद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरूले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रु. ३०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

१२।बोलपत्र मिति २०८०।८।२० गते भित्र खरिद गरी मिति २०८०।८।२१ गते १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१३।बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

१४।बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता ( हि.न.४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ ।

१५।ठेक्का किस्ता चौमासिक रूपमा अग्रिम बुझाउनु पर्ने र १ बर्ष ३ महिनाको बैंक जमानत (परफरमेन्स ग्यारेन्टी) पेश गर्नु पर्नेछ । बैंक जमानत (परफरमेन्स ग्यारेन्टी) प्रत्येक बर्ष ३ महिना अगावै नविकरण गरि पेश गर्नुपर्नेछ

१६।बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१७। यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो

रामलाल जोशी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. : ०८०/०८१
च.न. :

बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१८। सम्झौता अनुसार कार्यालयलाई वुझाउने रकममा प्रत्येक बर्ष १० प्रतिशतले बृद्दी हुदै जाने छ । बृद्दी गरिदा बढेकै रकमलाई आधार मानी प्रति बर्ष बृद्दी हुदै जाने छ ।

१९। कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दाबी गर्न पाईने छैन ।

२०। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

२१। यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरू प्रचलित ऐन/कानुन बमोजिम हुनेछ ।

२२। मु.अ.कर बुझाएको प्रमाण पेश गरेपछि मात्र परफरमेन्स वण्ड फुकुवा गरिनेछ ।

२३। यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

==============================
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)